# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### भरतपुर, चितवन
३ नं. प्रदेश, नेपाल

प.सं.०७५/७६
च.नं. ४९४६

मितिः २०७६/०२/२९

**विषयः रोजगार सिर्जना गर्नका लागि स्थानीय श्रममूलक आयोजना शीघ्र पठाउने वारे ।**

श्री वडा कार्यालय सबै,
भरतपुर महानगरपालिका भरतपुर, चितवन

नेपाल सरकार, प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत न्यूनतम रोजगारीमा संलग्न हुने उद्देश्यले बेरोजगार व्यक्तिको सूचीमा दर्ता हुन निवेदन दिएका बेरोजगार व्यक्तिहरु मध्ये अन्तिम सूचीमा सूचीकृत हुने बेरोजगार व्यक्तिहरुका लागि नितान्त सार्वजनिक विकास निर्माणका काममा रोजगारी प्रदान गर्न यहीं आर्थिक वर्षमा २० दिन सम्मको रोजगारी दिन सकिने भएकोले यसै पत्रसाथ संलग्न कार्यविधि र तहाँ वडाले प्राप्त गरेको विनियोजित वजेटलाई आधार मानी देहाय बमोजिम प्राथमिकता क्षेत्रभित्र रहि ३ लाख वा ४ लाख सम्मको विल्कुलै श्रम प्रधान आयोजना छनौट गरि ३ दिन भित्र पठाईदिनु हुन अनुरोध गर्दछु ।

<u>आयोजना प्राथमिकताका क्षेत्रहरु</u>

१. वन तथा जलाधर (जस्तैः वृक्षारोपण तथा फलफूलका विरुवा रोपण, साना साना तटबन्ध निर्माण, पार्क निमार्ण तथा मर्मत, सार्वजनिक स्थलमा फलफुल बगैंचा निर्माण, पहिरो तथा नदी नियन्त्रण)
२. स्वास्थ्य तथा सरसफाई (जस्तैः फोहर व्यवस्थापन, सार्वजनिक स्थलहरुको सरसफाई, ढल तथा खोला सफाई)
३. कृषि तथा सिंचाई (जस्तैः कुलो मर्मत, पोखरी तथा पानीको मूल संरक्षण)
४. पर्यटन (जस्तैः पदमार्ग निर्माण तथा मर्मत, चौतारा तथा प्रतिक्षालय निर्माण र पर्यटकीय तथा धार्मिक स्थलको मर्मत सम्भार)
५. ग्रामीण खानेपानी (जस्तैः खानेपानीको मूल संरक्षण तथा मर्मत सम्भार)
६. सडक निर्माण तथा मर्मत (जस्तैः सडकको खाल्डाखुल्डी पुर्ने, सडकको किनारा व्यवस्थापन)
७. शिक्षा (जस्तैः विधालयका कक्षाकोठा तथा प्रवेशद्धारको विन्यास तथा रि-डिजाईन, शौचालय सुधार, कम्पाउण्ड व्यवस्थापन, बगैंचा निर्माण)
८. स्थानीय आवश्यकता अनुसारका अन्य श्रम-प्रधान आयोजनाहरु (सम्बन्धित वडा कै आवश्यकताको कुनै एक क्षेत्र)

**सम्पर्क व्यक्ति**
बिनोद खराल
रोजगार संयोजक (शा. अ.)
मोबाईल नं.:-९८४५३५६१२८
ईमेल :- binod.kharal2048@gmail.com

(नेत्रप्रसाद सुवेदी)
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### भरतपुर, चितवन
३ नं. प्रदेश, नेपाल

प.सं.०७५/७६
च.नं. ६९४६

मिति: २०७६/०२/२९

विषय: बेरोजगार व्यक्तिहरुको नाम सिफारिस गरि पठाउने बारे ।

श्री वडा कार्यालय सबै,
भरतपुर महानगरपालिका भरतपुर, चितवन

प्रस्तुत विषयमा नेपाल सरकार, प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत न्यूनतम रोजगारीमा संलग्न हुने उद्देश्यले आफूले स्थायी बसोबास गरेको स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा निवेदन दिएका बेरोजगार व्यक्तिहरु मध्ये तहाँ वडामा अन्तिम सूचीमा सूचीकृत भएका बेरोजगार व्यक्तिहरु मध्ये श्रममूलक सार्वजनिक विकास निर्माणका काममा दैनिक ८ घण्टा कार्य गर्न ईच्छुक तहाँ वडाले खटाउनु पर्ने १२ वा १८ जना बेरोजगार व्यक्तिहरुको पहिचान सहित तपशिल बमोजिमको मापदण्डको आधारमा नामावली सिफारिस गरि ३ दिन भित्र पठाईदिनु अनुरोध गर्दछु ।

**बेरोजगार व्यक्ति छनौटका लागि निर्देशिकाको दफा २१ को उपदफा (३) बमोजिम तोकिएको मापदण्ड**

बेरोजगार व्यक्तिलाई काममा खटाउँदा उपलब्ध रोजगारीका अवसरहरु सूचीकृत सबै बेरोजगार व्यक्तिका लागि पर्याप्त नभएकोले देहाय बमोजिमको प्राथमिकता क्रममा क्रमश: खटाउनु पर्नेछ ।

(क) कृषि उत्पादनको वर्षमा ३ महिना खान नपुग्ने कृषिमा आश्रित परिवारको सदस्य ।
(ख) बसोवासका लागि आफ्नै घर नभएको परिवारको सदस्य ।
(ग) एकल महिला घरमूली भएको परिवारको सदस्य ।
(घ) दलित, अल्पसंख्यक वा लोपोन्मुख समुदायको परिवारको सदस्य ।
(ङ) वार्षिक न्यूनतम रोजगारी वापत प्राप्त हुने पारिश्रमिक भन्दा कम नगद आय भएको परिवारको सदस्य ।
(च) कोही पनि सदस्यले न्यूनतम रोजगारी नपाएको वा सो बराबरको आम्दानी हुने गरी स्वरोजगार नभएको परिवारको सदस्य ।
(छ) शहिद परिवार तथा बेपत्ता परिवारको सदस्य ।
(ज) परिवारमा काम गर्ने उमेर (१८-५९) को वा काम गर्न सक्ने शारीरिक अवस्था भएको अन्य सदस्य नभएको परिवारको सदस्य ।
(झ) महिला बेरोजगार व्यक्ति ।
(ञ) अन्य बेरोजगार व्यक्ति ।

..............................
(नेत्रप्रसाद सुवेदी)
प्रमुख प्रशासकीय अधिकृत

सम्पर्क व्यक्ति
बिनोद खराल
रोजगार संयोजक (शा. अ.)
मोबाईल नं.:-९८४५३५६१२८
ईमेल :- binod.kharal2048@gmail.com

| क्र. सं. | वडा नं | भौगोलिक विकटता( २०) | गरिबीको स्तर (२०) | विकास निर्माणको अवस्था (२०) | आवेदनको संख्या | बेरोजगार व्यक्तिहरुको संख्या (४०) | जम्मा | बजेट (लाख) | काम दिन सक्ने संख्या |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | १२ | १४ | १४ | ९५ | १० | ५० | ३ | १२ |
| २ | २ | १० | १२ | १७ | ४१ | १० | ४९ | ३ | १२ |
| ३ | ३ | १२ | १२ | १८ | २४ | १० | ५२ | ३ | १२ |
| ४ | ४ | १४ | १४ | १४ | १०३ | १२ | ५४ | ३ | १२ |
| ५ | ५ | १४ | १६ | १२ | ३५६ | ३५ | ७७ | ४ | १८ |
| ६ | ६ | १४ | १४ | १२ | १७१ | २० | ६० | ३ | १२ |
| ७ | ७ | १२ | १४ | १५ | ११९ | २० | ६१ | ३ | १२ |
| ८ | ८ | १४ | १५ | १५ | ४२८ | ४० | ८४ | ४ | १८ |
| ९ | ९ | १२ | १४ | १५ | १६९ | २० | ६१ | ३ | १२ |
| १० | १० | १० | १२ | १७ | ८७ | १० | ४९ | ३ | १२ |
| ११ | ११ | १२ | १४ | १८ | ३०१ | ३० | ७४ | ४ | १८ |
| १२ | १२ | १२ | १३ | १७ | ६७ | १० | ५२ | ३ | १२ |
| १३ | १३ | १६ | १७ | १३ | ११३ | २० | ६६ | ३ | १२ |
| १४ | १४ | १४ | १५ | १२ | १२८ | २० | ६१ | ३ | १२ |
| १५ | १५ | १४ | १४ | १४ | १७३ | २० | ६२ | ३ | १२ |
| १६ | १६ | १४ | १५ | १२ | २०६ | २३ | ६४ | ३ | १२ |
| १७ | १७ | १६ | १५ | १२ | १७५ | २० | ६३ | ३ | १२ |
| १८ | १८ | १४ | १७ | १३ | २९० | ३० | ७४ | ४ | १८ |
| १९ | १९ | १२ | १४ | १२ | ७३ | १० | ४८ | ३ | १२ |
| २० | २० | १४ | १५ | ११ | २५९ | ३० | ७० | ४ | १८ |
| २१ | २१ | १४ | १४ | १२ | ९३ | १० | ५० | ३ | १२ |
| २२ | २२ | १४ | १५ | १४ | १२२ | २० | ६३ | ३ | १२ |
| २३ | २३ | १४ | १४ | १२ | १३३ | १५ | ५५ | ३ | १२ |
| २४ | २४ | १६ | १५ | १२ | ४८ | १० | ५३ | ३ | १२ |
| २५ | २५ | १६ | १६ | १३ | २४५ | २५ | ७० | ४ | १८ |
| २६ | २६ | १६ | १५ | १३ | १०६ | १२ | ५६ | ३ | १२ |
| २७ | २७ | १६ | १६ | १२ | ७६ | १० | ५४ | ३ | १२ |
| २८ | २८ | १८ | १५ | १३ | २६ | १० | ५६ | ३ | १२ |
| २९ | २९ | १४ | १५ | १४ | ६१ | १० | ५३ | ३ | १२ |
| जम्मा | | | | | | | | ९३ | ३८४ |

प्रशासकीय अधिकृत

# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### भरतपुर, चितवन
### ३ नं. प्रदेश, नेपाल

प.सं.०७५/७६
च.नं. 6986

मिति: २०७६।०२।२९

# सूचना !          सूचना !!          सूचना !!!

**बेरोजगार सूचिमा सूचिकृत व्यक्तिहरुलाई सार्वजनिक विकास निर्माणको काममा सहभागि हुनेबारे अत्यन्त जरुरी सुचना ।**

प्रस्तुत विषयमा नेपाल सरकार, प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस भरतपुर महानगरपालिकाको विभिन्न वडाहरु मार्फत रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगार व्यक्तिहरुलाई यहि आर्थिक वर्षमा केही दिनको सार्वजनिक विकास निर्माणको काममा लगाईने भएकोले ईच्छुक बेरोजगार सूचिमा सूचिकृत व्यक्तिहरुलाई मिति २०७६।०२।३१ गते सम्ममा आफु स्थायी रुपमा बसोबास गर्ने वडामा गई नाम दर्ता गर्नुहुन अनुरोध गरिन्छ ।

काम गर्नुपर्ने क्षेत्रहरु: सडक निर्माण तथा मर्मत, कृषि तथा सिंचाइ, ग्रामीण खानेपानी, स्वास्थ्य तथा सरसफाई, शिक्षा, वन तथा जलाधार, पर्यटन तथा अन्य श्रम-प्रधान आयोजनाहरु ।

काम गर्नुपर्ने स्थान: भरतपुर महानगरपालिकाका आ-आफ्नो वडा भित्र ।

काम गर्नुपर्ने समय: भरतपुर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय, वडा समिति र श्रमिकबीचको आपसी समझदारीमा ।

काम गर्नुपर्ने अवधि: २० दिन (आर्थिक वर्ष २०७५।७६ को लागि)

ज्याँला: दैनिक रु ८००।- को दरले (स्थानीय निर्देशक समिति दररेट अनुसार)

थप जानकारीको लागि सम्बन्धित वडा कार्यालय र रोजगार सेवा केन्द्र भरतपुरमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

सम्पर्क व्यक्ति
बिनोद खराल
रोजगार संयोजक (शा. अ.)
मोबाईल नं. ९८४५३५६१२८
ईमेल binod.kharal2048@gmail.com

056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: bmc@ntc.net.np / Website: bharatpurmun.gov.np
(मन्त्रिपरिषद्बाटमहानगरपालिका घोषणामितिफाल्गुन २७, २०७३)